**बिदुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बिदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

फोन: ०१०-५६०४६९
०१०-५६००६३

प.सं.:- ०८१/०८२
च.नं.:- ६०

मितिः२०८१।०४।०८
ने.सं.११४४ दिल्लागा,२

ना.प.स्वा.प्रा.श्री विष्णु प्रसाद रिजाल,
पशु सेवा शाखा, बिदुर नगरपालिका, नुवाकोट ।

विषयः कार्य अनुभव सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत पशु सेवा शाखामा रहि तपाईले मिति २०७३।१०।०१ गते देखि २०८१ असार मसान्त सम्म एक गाउँ एक भेटेरिनरी प्राविधिक (सहायक चौँथो) पदमा रही कामकाज गर्दै आउनु भएको व्यहोरा अनुरोध छ ।

(विनोद कुमार खनाल)
विनोद कुमार खनाल
प्रमुख प्रशासकिय अधिकृत

# म्यागङ गाउँपालिका

## Myagang Rural Municipality

५ नं वडा कार्यालय, नुवाकोट

५ No. Ward Office, Nuwakot

बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

२०७३

पत्र संख्या: (Ref No):- ०८१/८२

चलानी नम्बर: (Dispatch):- 93

मिति : २०८१/०४/[illegible]

विषय:/Sub:- कार्य अनुभव सम्बन्धमा ।

श्री/Shree पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद
त्रिपुरेश्वर काठमाडौं ।

प्रस्तुत विषयमा नुवाकोट जिल्ला म्यागङ गा.पा वडा नं ५ निवासी गोवीन्द प्रसाद रिजालको छोरा विष्णु प्रसाद रिजालले मिति २०६३ आश्विन देखी मिति २०७३ माग सम्म यस वडामा प्राइभेट भेटेरीनरी क्लनीक राखीं पशुसेवा मा निरन्तर कार्य गर्दै आएको व्यहोरा यसै सिफारीस साथ प्रमाणित गरिन्छ ।

कृष्णमणि खतिवडा
का.वा. वडा अध्यक्ष

कृष्णमणी खतिवडा
का.वा वडा अध्यक्ष

सुन्दर ,सुखि,सुसंस्कृत र समृद्ध म्यागङ"

वडा ईमेल:myagang.ward5@gmail.com, गाउँपालिका ईमेल:myagangrm@gmail.com,
URL: myagangmun.gov.np

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
क्षेत्रीय पशु सेवा निर्देशनालय मध्यमाञ्चल
**जिल्ला पशु सेवा कार्यालय**
**नुवाकोट**

फोन : ०१०-५६००१२

पत्र संख्या: ०७३/७४
च.नं. ३४५

मिति : २०७३/१०/२

**बिषय :- करारमा नियुक्ती गरीएको बारे ।**

श्री विष्णु प्रसाद रिजाल
सामरी-४, नुवाकोट ।

प्रस्तुत बिषयमा यस कार्यालयको **मिति २०७३/९/२६** को निर्णयानुसार निम्न करारनामाका शर्तहरु पालना गर्ने गरी यस कार्यालयको एक गाँउ विकास समिति एक पशु सेवा प्राविधिक अर्न्तगत **ना.प.स्वा.प्रा.** पदमा **कल्याणपुर** गा.वि.स.मा कामकाज गर्न तपाईलाई करारमा नियुक्ती दिईएको छ ।

वरिष्ठ पशु विकास अधिकृत

**करारनामाका शर्तहरु**

१. मासिक पारीश्रमिक बापत नेपाल सरकारको रा.प.अनं.द्वि.प्रा. ले पाउने न्युनतम तलब उपलब्ध गराईने छ ।
२. **कल्याणपुर** गा.वि.स.मा गई कामकाज गर्नुपर्ने छ, गा.वि.स./सम्बन्धित पशु सेवा केन्द्रल हाजिर प्रमाणित गरी जिल्ला पशु सेवा कार्यालयमा पठाउनु पर्ने छ ।
३. नेपाल सरकारले घोषणा गरेको सार्वजनिक विदा बाहेक अन्य विदाको सुविधा दिईने छैन ।
४. यो करारनामाको अवधि **२०७३/१०/२ गते** देखि **२०७४ असाढ मसान्त** सम्म कायम रहने छ तर उक्त पदमा कुनै प्रकारले सो अवधि पुरा नहुँदै स्थायी रुपले पदपूर्ति भएमा यो करारनामा स्वत भङ्ग हुनेछ ।
५. कार्यालय समयमा कार्यालय र जिल्ला पशु सेवा कार्यालयको माथिल्लो स्तरको कर्मचारीले लाए अन्हाएको कामकाज गर्नु पर्ने छ ।
६. सन्तोषजनक कामकाज नभएको खण्डमा कुनै पनि समयमा कार्यालयले करारनामा भङ्ग गर्न सक्नेछ ।
७. करारनामा सम्बन्धि संसोधित परिपत्र अनुसार अन्य कुनै किसीमको सुविधा उपलब्धि हुने छैन ।
८. प्राविधिकले गर्नु पर्ने काम कर्तव्य र अधिकार संलग्न प्राविधिक कर्मचारीको कार्य विवरण अनुसुची २ अनुसार हुने छ ।
९. प्राविधिकले जिल्ला पशु सेवा कार्यालय ,सम्बन्धित पशुसेवा केन्द र सम्बन्धित गा.वि.स. प्रति जवाफदेही हुनु पर्ने छ।
१०. कार्य प्रगति तोकीएको ढाँचामा सेवा केन्द्र र गा.वि.स.मा दिनु पर्ने छ । अनुगमन जिल्ला पशु सेवा कार्यालयले गर्ने छ ।
११. तपाईको कार्यक्षेत्र सम्बन्धित गा.वि.स. तथा जिल्ला पशु सेवा कार्यालयले तोके बमोजिम थप क्षेत्र समेत हुन सक्नेछ ।

**प्रथम पक्ष**
नाम : विष्णु प्रसाद रिजाल
पद : ना.प.स्वा.प्रा.
ठेगाना : सामरी-४, नुवाकोट
दस्तखत : ..........
मिति : २०७३/

**दोस्रो पक्ष**
नाम : सियाशरण यादव
पद : प.चि.
दस्तखत : ..........
मिति : २०७३/१०/२